मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

अर्याल बने सर्वोत्कृष्ट प्रहरीः पृष्ठ ३



◆ वर्ष : २५ ◆ अङ्क : २०६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १० गते बुधवार (Wednesday, June 24. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

### विद्युतीय रेलमार्ग

## कित्ता फरक परेपछि अन्यौल

**बिर्तामोड, असार ९।** बिद्युतीय रेलमार्गको जग्गा अधिग्रहण सम्बन्धी सूचनामा प्रकाशित कित्ता नम्बर र हाल प्रचलनमा रहेको कित्ता नम्बर फरक भएपछि बिर्तामोड क्षेत्रका प्रभावितहरु अन्यौलमा परेका छन् ।

जिल्ला प्रशासन कार्यालय झापाले बिद्युतीय रेलमार्गको जग्गा अधिग्रहण सम्बन्धी कित्ता नम्बरसहितको ३५ दिने सूचना गत जेष्ठ २४ गते प्रकाशन गरेको थियो ।

सूचनामा प्रकाशित कित्ता नम्बर र हाल प्रचलनमा रहेको कित्ता नम्बर फरक परेपछि झापा बिर्तामोड क्षेत्रका प्रभावितहरु अन्यौलमा परेका हुन् । प्रशासन कार्यालयले सूचनामा ३५ दिन भित्रमा धनीपुर्जा, नागरिकता र तिरो बुझाएको प्रतिलिपि वुझाउन भनेको छ, तर सूचनामा जारी गरिएको कित्ता नम्बर धनीपुर्जामा नमिलेपछि समस्या भएको स्थानीय प्रभावितहरुको गुनासो छ ।

३५ दिने सूचना प्रकाशनको झण्डै २० दिन भइसक्यो हालसम्म कुनै प्रक्रिया अगाडि बढाउन सकिएको छैन भन्दै उनीहरुले सम्वन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

यसैबीच रेलमार्ग प्रभावित बिर्तामोड क्षेत्रका वासिन्दाहरुको वृहत् भेला मंगलवार सैनिकमोडमा सम्पन्न भएको छ । भेलाले डा. लक्ष्मीप्रसाद मैनालीको अध्यक्षतामा ३१ सदस्यीय रेलवे प्रभावित समन्वय समिति विर्तामोड गठन गरेको छ ।

बिर्तामोड २, ३, ४ र ७का रेल्वे प्रभावित बासिन्दाहरुको भेलाले गठन गरेको समन्वय समितिको उपाध्यक्षहरुमा वेद खरेल र रंगलाल दाहाल, सचिव रञ्जित प्रसाई, सह-सचिव राम उप्रेती र कोषाध्यक्षमा प्रकाश न्यौपाने सर्वसम्मत चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा डा. अजितकुमार ठाकुर, गंगा मैनाली, देवेन्द्र सिटौला, खगेन्द्र खरेल, पवन मैनाली, राजन शिवाकोटी, राजु चाम्लिङ, लक्ष्मीदेवी खतिवडा, नगेन्द्र बिमली, सुजन काफ्ले, गजेन्द्र नेपाली, मेदनीप्रसाद पकुवाल, कुमार कन्दङ्वा, श्रीप्रसाद रोक्का, टीका वास्तोला, कैलाश प्रसाई लगायत रहेका छन् ।

भेलामा सहभागी स्थानीय प्रभावितहरुले कित्ता नम्बर नमिलेको कारण अन्यौलता सृजना भएको जनाउँदै तत्काल

(बाँकी अन्तिम पृष्ठमा)

# पीसीआर ल्याब प्रदेश सरकारलाई हस्तान्तरण गरिने



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, असार ९।** कोरोना भाइरस नियन्त्रण, उपचार र राहतका लागि झापामा नागरिक स्तरबाट एकका लागि एक अभियान मार्फत निर्वाह भएको भूमिकाको जिल्लास्थित राजनीतिक दलहरुले प्रशंसा गरेका छन् ।

बिर्तामोडमा मंगलबार भएको छलफलमा दलका नेता तथा स्थानीय प्रशासनका प्रतिनिधिले एकका लागि एक अभियान मार्फत भइरहेको कार्य नयाँ र नमूना भएको बताए ।

दलका नेताहरुसहितको वैठकले कोरोना भाइरस परीक्षणका लागि एकका लागि एक अभियान, स्थानीय सरकार, सहकारी अभियान, अन्तर्राष्ट्रिय झापाली समाजको साझेदारीमा झापामा स्थापना हुने पीसीआर ल्याव सञ्चालनका लागि १ नं. प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ । स्वास्थ्य संवेदनशीलता, विद्यमान कानून, व्यवस्थापकीय पक्षलाई ध्यानमा राखी उक्त निर्णयमा पुगिएको बताइएको छ ।

झापामा सञ्चालन हुने उक्त ल्याव प्रदेश सरकारलाई हस्तान्तरण गर्नेसँगै त्यसको व्यवस्थापन र सञ्चालनका लागि प्रदेश सरकारसँग समन्वय गर्ने समेत दलका नेताहरुले निर्णय गरेका छन् । नेताहरुले ल्याव सञ्चालनका लागि झापाका सबै पालिकालाई सहयोग र सहकार्य गर्न आह्वान समेत गरेका छन् ।

'झापामा पीसीआर ल्याव सञ्चालनका लागि प्रदेश सरकारसँग समन्वय गर्न र आवश्यक व्यवस्था मिलाउन

(बाँकी अन्तिम पृष्ठमा)

## 'एकका लागि एक' अभियानमा झापाका निजी हस्पिटलको साझेदारी

**बिर्तामोड, असार ९।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाइमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा स्थापना गर्न लागिएको पीसीआर प्रयोगशालाका लागि झापाका निजी हस्पिटलले सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

संवाद समूहको संयोजन तथा एकका लागि एक अभियानको आयोजनामा बिर्तामोडमा भएको छलफलमा नागरिकको स्वास्थ्य संवेदनशीलता र राहतमा योगदान गर्दै सरकारलाई सहयोग पुर्‍याउन थालिएको अभियानमा झापाका निजी हस्पिटलले साझेदारी गर्ने प्रतिवद्धता जनाएका हुन् ।

एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षतामा भएको छलफलमा साझेदार संस्थाहरुको तर्फबाट नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले झापामा कोरोना संक्रमित बढिरहेको अवस्थामा 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा कोरोना संक्रमितको संख्या २०५

**झापा, असार ९।** झापामा कोरोना संक्रमितको संख्या २०५ पुगेको छ । मंगलवार मात्रै १३ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै झापामा कोरोना संक्रमितको संख्या २०५ पुगेको हो ।

झापाको बुद्धशान्ति गाउँपालिकाको क्वारेन्टाइनमा रहेका ६ जना, हल्दिबारी गाउँपालिकाको क्वारेन्टाइनमा २ जना र बिर्तामोड नगरपालिकाको क्वारेन्टाइनमा २ जनामा कोरोनाको संक्रमण पुष्टि भएको चौलागाईंले जानकारी दिए । त्यस्तै झापाको मेचीनगरमा थप ३ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । मेचीनगर वडा नं. १०को अतिथि सदन भवनको क्वारेन्टाइनमा रहेका बर्ष ३३, ३६ र ४० बर्षका ३ महिला छन् । संक्रमितहरुमध्ये २ जना कुवेतबाट आएका र १ महिला भारतको आसामबाट आएको चौलागाईंले बताए । मंगलवार थप ३ जनामा कोरोनाको संक्रमण पुष्टि भएसँगै मेचीनगरमा मात्र संक्रमितको संख्या ८ पुगेको छ ।

योसंगै नेपालमा बिगत २४ घण्टामा थप ५३८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने थप एक जनाको मृत्यु भएको मंगलवार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । योसँगै देशभरि पुष्टि भएका सङ्क्रमितको कूल संख्या १०,०९९ पुगेको छ । तीमध्ये २४ जनाको मृत्यु भएको छ भने २ हजार २ सय २४ जना निको भएका छन् ।

विगत २४ घण्टामा ७६ जना कोरोनाभाइरसमुक्त भएर अस्पतालबाट घर फर्किएको मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले जानकारी दिए । मन्त्रालयका अनुसार विगत २४ घण्टामा ४ हजार ९ सय ९५ वटा नमूनाको पीसीआर विधिबाट परीक्षण गरिएको थियो । यससँगै कोरोनाभाइरस सङ्क्रमण पुष्टि गर्न प्रयोग हुने उक्त परीक्षणको संख्या १ लाख ८६ हजार तीन सय ६६ पुगेको छ । अहिलेसम्म रसुवाबाहेक सबै ७६ वटा जिल्लामा कोभिड-१९ पुगिसकेको पुष्टि भएको छ । क्वारेन्टिनमा भएका मानिसको परीक्षणमा तीव्रता दिइएकाले सङ्क्रमितको सङ्ख्या बढेको सरकारी अधिकारीहरूको भनाइ छ ।

अहिले देशभरि ८५,८१३ जना क्वारेन्टिनमा छन् । सरकारको तथ्याङ्कअनुसार सुदूरपश्चिम प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेशमा र प्रदेश नं. २मा सर्वाधिक संख्यामा मानिसहरू क्वारेन्टिनमा छन् ।

# कोरोनाः प्रदेश १मा २० करोड खर्च

**विराटनगर, असार ९।** प्रदेश नम्बर १ सरकारले कोरोना नियन्त्रण तथा रोकथामका लागि अहिलेसम्म भएको खर्चको हिसाब किताब सार्वजनिक गरेको छ ।

प्रदेश सभाको मंगलबार बसेको बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले सरकारका तर्फबाट कोरोना संक्रमणसँग सम्बन्धित खर्च सार्वजनिक गरेका हुन् । उनले खर्च तथा वचतबारे सदनलाई जानकारी गराएका छन् ।

प्रमुख विपक्षी कांग्रेसले कोरोना नियन्त्रणका लागि हालसम्म भएका खर्च सार्वजनिक गराउन माग गर्दै सोमबारको बैठक अवरुद्ध गरेको थियो । विपक्षीको मागलाई प्रदेश सभा बैठकमा सम्बोधन गर्दै आन्तरिक मामिला मन्त्री कार्कीले मन्त्रालयगतरुपमा खर्च विवरण पेस गरेका हुन् । बाहिरका नागरिकलाई काठमाडौं छिर्न लगाइएको पास सिस्टम र भेदभावलाई सच्याउनुपर्ने विषयमा संघीय सरकारको ध्यानाकर्षण गरिने पनि मन्त्री कार्कीले बताएका छन् ।

मन्त्री कार्कीले कोषमा जम्मा रकम २९ करोड ५१ लाख ७३ हजार रुपैयाँ रहेकोमा निकासा गरिएको १९ करोड ८२ लाख रुपैयाँ बचत र नौ करोड ६९ लाख एक हजार नौ सय ७२ रुपैयाँ मौज्दात रहेको जानकारी दिए । कार्कीले प्रदेश सरकारले क्वारेन्टिन निर्माण तथा व्यवस्थापन, होल्डिङ एरिया निर्माण, कोभिड अस्पताल तथा सीमामा होल्डिङ एरिया व्यवस्थापन, स्थानीय तहलाई राहत व्यवस्थापनमा सहयोग, जिल्ला समन्वय समितिलाई अनुगमनका लागि सहयोग, स्वास्थ्य सामग्री ढुवानी र व्यवस्थापन जस्ता शीर्षकमा रकम खर्च भएको जानकारी दिए । मन्त्री

(बाँकी अन्तिम पृष्ठमा)

## कोभिड-१९मा खर्च गर्न निर्देशन

**झापा, असार ९।** सरकारले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको खर्च नभएको रकम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न स्थानीय तहलाई निर्देशन दिएको छ ।

स्थानीय पूर्वाधार कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को तेस्रो संशोधन गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आव २०७६/७७ को कार्यक्रम आयोजनालाई छुट्याइएको तर खर्च गर्न बाँकी

(बाँकी अन्तिम पृष्ठमा)

## डिसहोम जोडेका टीभीमा समस्या

**झापा, असार ९।** नेपालको एकमात्र बिनातार सीधै ग्राहकका घरसम्म (डिटिएच) सेवा प्रदायक भनी जिकिर गर्ने डिसहोम जोडेकाहरु टेलिभिजन राम्रोसँग हेर्न नपाएको गुनासो गर्छन् । डिटिएच प्रविधिबाट गुणस्तरीय दृश्य हेर्न सकिने बताउँदै आएको डिसहोम बादल लाग्ने बित्तिकै अवरुद्ध हुन्छ ।

पानी पर्न थालेपछि त झ्यारझ्यार भएर हेर्न सकिँदैन । कतिखेर त घाम लागेका बेलामा पनि सेवा अवरुद्ध हुने गरेको ग्राहक श्यामबहादुर तामाङले बताए । टिभी हेर्दाहेर्दै बीचमा अड्किने गर्दा 'बेक्कारमा डिसहोम जोडेछु' जस्तो लाग्न थालेको उनले बताए । कोरोनाको संक्रमण फैलिएका बेला त्यसबारे जान्न समाचार हेर्न बस्दा पटकपटक टिभी बन्द हुने गरेको तामाङको अनुभव छ ।

डिसहोम जोडेका टिभी घण्टैपिच्छे झ्याप्-झ्याप् हुने

(बाँकी अन्तिम पृष्ठमा)

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## ट्र्याक्टर दुर्घटनाबाट चालकको मृत्यु

**ओखलढुंगा, असार ९।** ओखलढुंगा मानेभञ्ज्याङ-६ देउराली डाँडास्थित सिद्धिचरण राजमार्गमा ट्र्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत पश्चिम बङ्गाल घर भएका २७ बर्षीय सञ्जय बर्मन रहेका छन् ।

मंगलवार बिहान मानेभञ्ज्याङबाट थाक्लेतर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको ट्र्याक्टर आँफै अनियन्त्रित भई सडकबाट अन्दाजी ३ सय मिटर तल खसी दुर्घटना भएको थियो । दुर्घटनामा ट्र्याक्टर चालक बर्मन गम्भीर घाइते भएकोमा उनको उपचारको क्रममा स्थानीय मिसन अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कर्मचारी आवश्यकता

यस सेभेन स्टार सेक्यूरिटी सर्भिस प्रालि शाखा कार्यालय बिर्तामोडका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः **लेखापाल-** १ जना
**योग्यताः** +२ पास, दक्ष र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
**आवेदन दिने अन्तिम मितिः** २०७७ असार १५ गतेसम्म
**निवेदन दस्तुरः** ५००।-

**सम्पर्कः ०२३-५४६६१४, ९८५२६७३९५५**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इन्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इन्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## इलाममा जडीबुटी प्रशोधन केन्द्र स्थापना गरिँदै

**इलाम, असार ९।** इलाममा उत्पादन हुने ४० प्रकारका जडिबुटी प्रशोधन गर्न एक नम्बर प्रदेश सरकारले प्रशोधन केन्द्र स्थापना गर्ने भएको छ ।

उत्पादन भएको जडीबुटी भारत र चीन निकासी हुने गरेपनि मूल्य अत्यधिक कम हुँदा किसान समस्यामा परेपछि प्रशोधन केन्द्र स्थापना गर्न लागिएको हो ।

किसानले उत्पादन गरेको जडीबुटीको प्रशोधन गर्न इलामको माईजोगमाई गाउँपालिका -२ मा जडीबुटी प्रशोधन केन्द्र निर्माण गर्ने लागिएको प्रदेश-१ को सामाजिक विकास मन्त्रालयले जनाएको छ । माइजोगमाई गाउँपालिका -२ स्थित छिपछिपेमा पाँच रोपनी क्षेत्रफलमा प्रशोधन केन्द्र निर्माण गरिने भएको हो ।

प्रशोधन केन्द्र निर्माणका लागि प्रदेश सांसद खिनु लङ्वा लिम्बूसहित सामाजिक विकास मन्त्रालयको प्राविधिक टोलीले स्थलगत अध्ययन गरेको छ ।

## शिक्षक प्रविधिमा सबल बन्दै

**विराटनगर, असार ९।** प्रदेश नं १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले सामुदायिक विद्यालयका शिक्षक प्रविधिमा सबल बन्दै गएको बताएका छन् ।

प्रदेश १ का शिक्षकको मङ्गलबार अनलाइन परियोजना प्रस्तुति कार्यक्रममा उनले लकडाउनको अवधिमा सिकेका कुरालाई व्यवहारमा उतार्न सुझाव दिँदै उत्कृष्ट प्रस्तुतिलाई मन्त्रालयले सम्मान गर्ने बताए । मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले शिक्षाको गुणस्तर वृद्धिमा सूचना प्रविधि तालिमले महत्वपूर्ण भूमिका निर्वाह गरेको धारणा राखे ।

इक्वालिटी फाउण्डेशन अमेरिकाका कार्यकारी निर्देशक मेदनी अधिकारीले प्रविधिमैत्री विद्यालय निर्माणमा प्रदेश सरकारले शुरु गरेको कार्यको प्रशंसा गरे । प्रदेशका विभिन्न विद्यालयका शिक्षकले नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक लगायतका विषयको प्रस्तुति गरेका थिए । मन्त्रालयले विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षक समाजसँगको सहकार्यमा प्रदेशका ६ सय शिक्षकलाई सूचना प्रविधिसम्बन्धी अनलाइन शिक्षक तालिम सञ्चालन गरेको छ । कार्यक्रममा ४ सयभन्दा बढीको सहभागिता छ ।

### सांसदको एउटै प्रश्न

# किसान कहिलेसम्म रुने

**झापा, असार ९।** मानो रोपेर मुरी उब्जाउने समयमा मल तथा बीऊ नपाएर किसान छट्पटिएकाले तत्काल मल र बीऊ उपलब्ध गराउन सांसदले सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको मंगलवारको बैठकको शून्य समयमा बोल्दै सांसदले नेपाल कृषिप्रधान देश भए पनि सरकारले कृषि क्षेत्रप्रति बेवास्ता गरेको गुनासो गरे । उनीहरुले कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको एक तिहाइ योगदानलाई नभुल्न सरकारको ध्यानाकर्षण गराउँदै देशव्यापी रुपमा देखिएको मल तथा बीऊको अभावको समस्या समाधान गर्न माग गरे ।

सांसद लक्ष्मीकुमारी चौधरीले प्रश्न गरिन् -मल बीऊ नपाएर किसानले कहिलेसम्म रुनु पर्ने हो ? सांसद भरतकुमार साहले किसान धमाधाम बर्खेखेती लगाउन व्यस्त रहेका अवस्थामा रासायनिक मलको चरम अभाव भएको बताए । सांसद राजेन्द्रकुमार राईले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन माग गरे ।

सांसद वृजेशकुमार गुप्ताले सामुदायिक विद्यालयको गुणस्तर दिनप्रतिदिन खस्कँदै गएकाले तत्काल शैक्षिक गुणस्तर सुधार गर्न सरकारको ध्यानाकर्षण गराए । उनले अस्थायी, राहतलगायतका शिक्षकलाई हटाएर स्थायी शिक्षक मात्र राख्न सरकारसँग माग गरे ।

सांसद रानी मण्डलले क्वारेन्टिनबाट कोरोना सर्ने अवस्था आएको उल्लेख गर्दै यसलाई व्यवस्थित बनाउन माग गरे । उनले क्वारेन्टिनहरुको अवलोकन गर्न सरकारलाई आग्रह गरे । सांसद भीमसेनदास प्रधानले सवारी साधनमा भौतिक दूरी कायम गर्न कठिन हुने भएकाले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिन माग गरे ।

सांसद भैरवबहादुर सिंहले सुदूरपश्चिममा भारतबाट आउने क्रम नरोकिएकाले कोरोनाको चुनौति बढेको जनाउँदै क्वारेन्टिनमा बसेका सबै नागरिकको पीसीआर परीक्षण गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद मीना सुब्बाले मृत्युपछि मात्र कोरोना परीक्षणको रिपोर्ट आएकाले यसको नियन्त्रणमा सरकार चुकेको आरोप लगाइन् ।

सांसद मनकुमारी जिसीले विदेशमा अलपत्र नागरिकलाई उद्धार गरेर ल्याउनु सरकारको सकारात्मक कदम भएको उल्लेख गर्दै क्वारेन्टाइनलाई थप व्यवस्थित बनाउन माग गरिन् । सांसद महेश्वरराज गहतराजले महिला हिंसा र जातीय विभेदको घटना बढेकामा चिन्ता व्यक्त गर्दै सामाजिक अपराध नियन्त्रण गर्नका लागि ठोस कदम चाल्न आग्रह गरे ।

सांसद रङ्गमती शाहीले क्वारेन्टिनमा महिला बलात्कृत हुने अवस्थाप्रति चिन्ता व्यक्त गर्दै दोषीमाथि कडाभन्दा कडा कारवाही गर्न माग गरिन् । सांसद रामकुमारी चौधरीले बन्दाबन्दी अवधिमा ३७३ बलात्कार, ३४ बहुविवाह र आठ बोक्सीसम्बन्धी घटना भएको जनाउँदै गम्भीर जघन्य आपराधिक घटना नियन्त्रण गर्न माग गरिन् । सांसद लक्ष्मी परियारले रुकुम(पश्चिम) घटनामा संलग्नलाई तत्काल कारवाही गर्न माग गरिन् ।

सांसद भवानी खापुङले पुष्पलाल लोकमार्गअन्तर्गत पूर्वी क्षेत्रमा बन्ने पुलको अझै निर्माण हुन नसकेको जनाउँदै ठेकेदारलाई ताकेता गर्न माग गरिन् । सांसद मीनबहादुर विश्वकर्माले लकडाउनदेखि अन्तिमसम्मको अवधिलाई ‘शून्य’ समय मानी घरधनीले घरभाडा नलिने, बैंकले ब्याज नलिने, विद्यालयले शुल्क नलिने र दैनिक ज्यालादारी श्रमिकलाई मासिक रु सात हजार दिने व्यवस्था गर्न प्रस्ताव गरे ।

सांसद मीनेन्द्रप्रसाद रिजालले सरकारले फजुल खर्च नियन्त्रण गर्न नसकेको आरोप लगाए । सांसद मोहन बानियाँले तत्काल नागरिकता विधेयक सदनमा पेश गर्न माग गरे । सांसद रामबहादुर विष्टले भ्रष्टाचार नियन्त्रणमा सरकारले उदासीनता देखाएको आरोप लगाए । सांसद यज्ञराज सुनुवारले कामचोर र ठग ठेकेदारका लागि कोरोना बहाना मिलेको जनाउँदै सार्वजनिक खरीद ऐन संशोधन गरेर मुलुकप्रति घात गर्ने ठेकेदारलाई कारागार हाल्ने व्यवस्था मिलाउन माग गरे । सांसद रामकुमारी झाँक्रीले साना उद्यमीलाई कोरोनाका कहरबाट जोगाउनका लागि उचित राहत प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराइन् ।

# अदालतको आदेश: रिपोर्ट नेगेटिभ आएपछि मात्रै डिस्चार्ज

**झापा, असार ९।** सर्वोच्च अदालतले आइसोलेशनमा बसेकाहरुको परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएपछि मात्र डिस्चार्ज गर्नुपर्ने आदेश जारी गरेको छ ।

सर्वोच्चले कोभिड परीक्षणसम्वन्धी गाइडलाइन (नेशनल टेस्टिङ गाइडलाइन्स फर कोभिड (१९) कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो । न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्तानको इजलासले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालै निर्माण गरेको कोभिड परीक्षण गाइडलाइनको दफा ६ कार्यान्वयन नगर्न भनेको हो ।

सर्वोच्चले दफा संविधानसम्मत नहुने भन्दै जेठ २० गते मन्त्रालयको निर्णयद्वारा जारी गरिएको गाइडलाइन्स कार्यान्वयन नगर्न भनेको हो। सर्वोच्चले आइसोलेशनमा रहेका नागरिकहरुको पीसीआर परीक्षण गरी रोगमुक्त भएपछि मात्र घर पठाउन भनेको छ ।

‘आइसोलेशनमा रहेका बिरामीको संख्या तथा सरकारको परीक्षण क्षमता हेर्दा पुनः परीक्षण गर्न नसकिने भन्ने देखिँदैन’- सर्वोच्चको आदेशमा भनिएको छ, ‘आइसोलशनमा रहेका बिरामीहरुलाई निश्चित अवधिपछि विना परीक्षण घर पठाउन सकिने भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्माण गरेको निर्देशिकाको पक्षमा उभिनु पर्ने देखिएन ।’

नेपालको संविधानमा स्वास्थ्यसम्वन्धी हक प्रत्याभूत गरिएको हेर्दा यसले मानसिक र शारीरिक दुवैलाई समेट्ने सर्वोच्चको आदेशमा उल्लेख छ । स्वस्थ रहनु भनेको रोगमुक्त हुनु र भएको छु भन्ने मानसिक अनुभूत हुनुपर्ने सर्वोच्चको आदेशमा उल्लेख छ । जनताको स्वास्थ्य, समानता र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्नु राज्यको दायित्व हुने सर्वोच्चले उल्लेख गरेको छ ।

‘परीक्षणपश्चात कोरोना संक्रमित देखिई आइसोलेशनमा राखिएका बिरामीलाई विनापरीक्षण घर फर्काउने भन्ने कुरा किञ्चितरुपमा पनि संविधानसम्मत देखिँदैन’- सर्वोच्चको आदेशमा उल्लेख छ ।

अधिवक्ता सन्तोष भट्टराईले दायर गरेको सार्वजनिक सरोकारको निवेदनमा सर्वोच्चले यस्तो आदेश गरेको हो । निर्देशिकामा सरकारले विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार हुने भनी आइसोलेशनमा रहेका बिरामीलाई कुनै पनि लक्षण नदेखिएमा १४ दिनमा घर पठाउने व्यवस्था राखेको थियो । सर्वोच्चमा बहसका क्रममा स्वास्थ्य मन्त्रालयका डा. गुणनिधि शर्माले समेत बहस गरेका थिए । उनले विश्व स्वास्थ्य संगठनको मापदण्ड देखाउँदै यस्ता बिरामीलाई आइसोलेशनमा राख्ने वा नराख्ने निर्णय सम्वन्धित देशले गर्न सक्ने बताएका थिए । उनले विश्व स्वास्थ्य संगठनले तोकेकोभन्दा बढी अवधि आइसोलेशनमा राख्ने निर्देशिका सरकारले बनाएको दावी गर्दै रिट खारेज हुनुपर्ने माग गरेका थिए ।

उक्त रिटमा सर्वोच्चले निर्देशिकाका अन्य व्यवस्था बारे फैसला हुँदाका क्रममा बोलिने भन्दै हाललाई निर्देशिकाको ६ नम्बर दफा कार्यान्वयनमा रोक लगाएको हो । सर्वोच्चको यो आदेशपछि देशभर आइसोलेशनमा रहेका बिरामीहरुलाई सरकारले पुनः कोरोना परीक्षणको रिपोर्ट प्राप्त नभएसम्म डिस्चार्ज गर्न पाउने छैन भनिएको छ ।

### कित्ता ...

प्रचलित कित्ता नम्बर जारी गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराएका छन् । जिल्ला प्रशासन कार्यालय झापाले सूचना जारी गरे पनि सो सम्बन्धी समस्यामा तर्किने गरेको आरोप लगाउँदै उनीहरुले स्थानीय प्रभावितको समस्यामा गम्भीर वन्न आग्रह गरेका छन् ।

स्थानीय प्रभावितको भेलालाई सम्वोधन गर्दै नवगठित समन्वय समितिका अध्यक्ष डा. मैनालीले आफूहरु विकास विरोधी नभएको बताउँदै समस्या समाधानको लागि एकजुट भएको वताए । विकाससंगै आउने विनाशको सरकारले उचित सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उनले उचित मुआव्जाको लागि समन्वयकारी भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गरे ।

समस्या समाधानको लागि स्थानीय जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने बताउँदै डा. मैनालीले रेल्वे प्रभावितलाई खुशी पारेर मुआव्जा वितरण गर्नुपर्नेमा जोड दिए । बिर्तामोड नगर स्तरीय रेल्वे प्रभावित समन्वय समिति गठन भएसँगै वडा स्तरमा पनि इकाइ समिति निर्माण गरिने र साझा मुद्दामा एक ढिक्का भएर अगाडि बढ्ने समितिका सचिव रञ्जित प्रसाईले जानकारी दिए ।

### पीसीआर ...

हामी सबै राजनीतिक दलहरु प्रतिबद्ध छौं’ -निर्णयमा भनिएको छ । ल्याव सञ्चालनका लागि झापाका राजनीतिक दलका प्रमुखहरुसहितको दश सदस्यीय टोलीले प्रदेश सरकारका विभागीय मन्त्रालयमा समन्वय गर्ने निर्णय गरेको छ । नागरिकको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राख्दै सरकारलाई सहयोग पुर्‍याउन नागरिक स्तरबाट भइरहेको कामको प्रशंसा गर्दै नेपाल कम्युनिष्ट पार्टी झापाका अध्यक्ष चिन्तन पाठकले प्रदेश सरकारमार्फत ल्याव सञ्चालनका लागि वातावरण तयार गर्ने बताए ।

समुदाय-सहकारी-सरकारको साझेदारीमा नागरिकलाई सेवा पुर्‍याउन झापामा पीसीआर ल्याव स्थापनाको पहल प्रशंसनीय भएको भन्दै ल्याव स्थापना अपरिहार्य भएको नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीले बताए ।

त्यस्तै जनता समाजवादी पार्टीका अध्यक्षद्वय अनुतसिंह राजवंशी, दिपेनवाला राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष कमल खरेल, सचिव केशवप्रसाद ओझा, कनकाई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेल, सहायक प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले आफ्नो पार्टी र तहबाट झापामा पीसीआर ल्याव सञ्चालनका लागि आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता जनाए ।

संवाद समूहको संयोजन तथा एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षतामा भएको बैठकले अभियानमा सहयोग पुर्‍याउने राजनीतिक दल, साझेदार संस्था, स्थानीय प्रशासन, स्थानीय सरकार लगायत सबै दाताहरुलाई धन्यवाद ज्ञापन समेत गरेको छ । अभियानको अगुवाईमा हालसम्म एक करोड २२ लाख रुपैयाँ संकलन भएको संयोजक गिरीले बताए । जसमा सहकारी अभियानको २५ लाख र अन्तर्राष्ट्रिय झापाली समाजको २५ लाख समेत रहेको छ ।

छलफलमा अभियानका सहसंयोजक विनोद बस्नेत, सहकारी अभियानका घनश्याम अधिकारी, साझेदार संस्थाहरुको तर्फबाट लोकराज ढकाल, कुमार भट्टराई, कुमारमणि पोखरेल, मदनगोपाल सुब्बा, शिव कँडेल, नवीन कोइराला, पदमलाल भट्टराई, निर्मल भट्टराई, गजेन्द्र पौडेल, हरि शर्मा, पर्शुराम ढुंगाना, यज्ञराज (गोपाल)ओली, सजेश शिवाकोटी, राजेन्द्र चौलागाईं लगायतले राजनीतिक दलहरुलाई विभिन्न सुझाव राखेका थिए ।

सहभागीबाट प्रदेश सरकारमार्फत सोझै वा मेची अञ्चल अस्पताल अन्तर्गत कनकाईको कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा पीसीआर ल्याव सञ्चालन उपयुक्त विकल्प भएको सुझाव समेत आएको छ । छलफलको सहजीकरण संवाद समूहका सहजकर्ता अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

### डिसहोम...

गरेको धेरै प्रयोगकर्ताको भनाइ छ । यो अनुभव तामाङको मात्र होइन डिसहोम जोड्ने धेरै ग्राहकको हो । आफैं टिभी बन्द हुने र खुल्ने विशेषता पनि डिसहोमको छ । मासिक रु. दुई सय ५० मा टिभी हेर्न सकिने भनी विभिन्न सञ्चारमाध्यमबाट विज्ञापन गर्ने डिसहोमले मासिक शुल्क भने ग्राहकबाट रु. तीन सय ५० नै असुल्ने गरेको छ । ग्राहकले वार्षिक एकैपटक तिरे मात्र रु. तीन सय ५० मा सेवा पाउँछन् । विज्ञापनको भाषाले भने वार्षिक एकैपटक तिरे मात्र रु. दुई सय ५० पर्छ भन्दैन ।

सो प्रविधिको माध्यमबाट धेरै टिभी च्यानल स्याटेलाइटबाट सिँधै उपभोक्ताका घरमा पुग्ने जिकिर गरिए पनि सेवा गुणस्तरीय छैन । घरको छतमा सानो डिस र टिभीमा सेटअप बक्स जडान गरी आउने भनिएको सो टिभी सिग्नलका कारण समाचार, चलचित्र लगायत हेर्दाहेर्दै अड्किएपछि नमज्जा हुने गरेको दक्षिणकाली नगरपालिका फर्पिङका ग्राहक रामसुन्दर पौडेलले गुनासो गरे ।

सुगमदेखि दुर्गमसम्म लिन सकिने यो सेवाको गुणस्तर भौगोलिक विकटताका स्थानमा अझ कमजोर रहेको जडान गर्ने ग्राहकको गुनासो छ । नुवाकोटको दुप्चेश्वरमा डिसहोम जोड्नुभएका माया तामाङ विज्ञापन गरे जति राम्रो सेवा पाउन नसकिएको दुःखेसो गर्छन् । दुर्गममा पनि राम्रोसँग टिभी हेर्न सकिन्छ भनी डिसहोम जोडिए पनि त्यो पूरा नभएको उनको भनाइ छ ।

डिसहोम जडान गर्ने ग्राहकले शुरुमा एक महिनाको मात्र शुल्क तिर्दा नै कम्तीमा रु. चार हजार डिलरलाई बुझाउँछन् । त्यति पैसा बुझाएवापत ग्राहकले प्यान बिल समेत नपाइएको जनाएका छन् । यसरी डिसहोमले करसमेत छली गरिरहेको देखिन्छ । डिसहोमले ग्राहकलाई दिएको वेबसाइट www.dishhome.com.np समेत सहजै खुल्दैन । डिसहोमको गुनासो शाखाकी उर्मिशा भुजेलले पुरानो सेटअप भएका ग्राहकमा मात्र समस्या आएको जिकिर गरे । डिसहोम जोडेको महिना दिन नबित्दै समस्या आएको ग्राहक बताउँछन् । थप जानकारीका लागि कार्यालयका अरु अधिकारीलाई सम्पर्क गराउने उनले जिकिर गरे पनि सम्पर्क हुन सकेन ।

### कोरोना ...

कार्कीले भने- ‘प्रदेश संकट व्यवस्थापन केन्द्रले निर्णय गरे अनुसार मन्त्रालयगतरूपमा बजेट निकासा भएको हो ।’ कार्कीले मुख्यमन्त्री, मन्त्री, सांसद, सर्वसाधारण, बैंक आदि क्षेत्रले कोरोना जनसुरक्षा कोषमा रकम सहयोग गरेको र कोषबाट रकम खर्च गरिएको जानकारी दिए ।

कोरोना जनसुरक्षा कोषमा रहेको रकम विभिन्न मन्त्रालय मार्फत् तल पठाइएको बताउँदै उनले मुख्यमन्त्री कार्यालयले ५० लाख एक सय १५, भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत् दुई करोड, आन्तरिक मामिला १५ करोड ३४ लाख, सामाजिक विकास मन्त्रायललाई दुई करोड ४८ लाख ७१ हजार रुपैयाँ प्रदेश सरकारले उपलब्ध गराएको बताए । उनले भने- ‘आन्तरिक लेखा परीक्षणपछि प्रदेश लेखा नियन्त्रण कार्यालयले विवरण सार्वजनिक गर्नेछ । सम्बन्धित मन्त्रालयले कुन-कुन शीर्षकमा खर्च गरे भन्ने मन्त्रालयगत रुपमा पनि आउनेछ । सरकारले २० करोड ३२ लाख रुपैयाँ निकासा गरेको थियो । जसमा १९ करोड ८२ लाख ७१ हजार रुपैयाँ गइसकेको छ । मोरङ समन्वय समितिले लान्न भन्दै अरु काममा खर्च होस् भन्यो ।’ उनले सरकारको नियमित बजेटबाट सामाजिक विकास मन्त्रालयबाट तीन करोड ३० लाख खर्च गरेको र संघीय सरकारबाट दुई करोड २० लाख रुपैयाँ प्राप्त भएको पनि सदनलाई जानकारी गराए । प्रदेश १ मा हालसम्म चार सय ६३ जनामा कोरोना संक्रमण देखिएको छ ।

विपक्षीले उठाएको प्रदेशको नामकरणको विषयमा प्रदेश सभाकै अधिकारको विषय भएको बताउँदै मन्त्री कार्कीले भने- ‘राजधानीको विषयमा पनि विभिन्न मत थिए, तर दलको तर्फबाट प्रयास गरियो । सरकारले पनि सामूहिक प्रयास गरेको हो । दलहरू नै सहमत भएर नाम टुंग्याउने भन्ने नै सहमति भएको थियो । कोरोनाको कारण सामुहिक सोच बनाएर निष्कर्षमा पुग्न नसकिएको हो ।’ उनले सम्बन्धित मन्त्रालय समक्ष सदनमा उठ्ने विषयमा जवाफ दिन मन्त्रालयहरूलाई समेत आग्रह गरिएको सदन समक्ष जानकारी गराए ।

### कोभिड-१९ ...

रकम कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्न निर्देशन दिएको हो ।

केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकले कार्यक्रमलाई खर्च नभएको रकम कोभिड-१९ नियन्त्रणमा गरिने निर्णय गरेसँगै मन्त्रालयले कार्यक्रम निर्देशक, समितिका संयोजकले अन्य सदस्यसँग परामर्श गरी सबै स्थानीय तहको कोभिड-१९ नियन्त्रण गर्न निर्देशन दिएको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिए ।

उनका अनुसार कार्यक्रमको कुनै आयोजनामा खर्च नभई बचत रहेको रकम स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा राखी कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि खर्च गर्ने छन् । कार्यक्रमको बाँकी रकम यही असार १५ गतेसम्म स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा जम्मा गर्न भनिएको छ । खरिद प्रक्रियामा नै नगई बाँकी रकम ठेक्का व्यवस्थापन गर्दा बचत हुन गएको र निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिमको कामको बाँकी रकम जम्मा गर्न निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए । निर्देशनमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमअन्तर्गत आफ्नो गाउँपालिका तथा नगरपालिकामा विनियोजन भएको रकममध्ये बचत हुने रकम एकीन गरी कार्यक्रम निर्देशक समितिका संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउन भनिएको छ ।

### एकका लागि एक ...

झापामा पीसीआर प्रयोगशाला स्थापना गर्न लागीएकाले प्राविधिक तथा आर्थिक रुपमा सहयोग गर्न निजी हस्पिटलका सञ्चालक तथा प्रतिनिधिलाई आग्रह गरेका थिए ।

छलफलमा विर्तासीटी हस्पिटलका मेडिकल डाइरेक्टर डा. अनिल बस्नेत, कनकाई हस्पिटलका अध्यक्ष तथा मेडिकल डाइरेक्टर डा. प्रेमवहादुर शाही, कनकाई हस्पिटलका व्यवस्थापक अभय खवास, अञ्जली हस्पिटलका डा. प्रमोदकुमार राय, एडभान्स प्याथोलोजीकी डा. सीमा वर्मा प्रधान, वीएण्डसी हस्पिटलका प्रवन्ध निर्देशक निराजन प्रसाईं, वायोमेडिकल इञ्जिनीयरहरु मिशाल पोखरेल, सोवित प्रसाई लगायतले ‘एकका लागि एक’ अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा पीसीआर प्रयोगशाला स्थापना गर्ने कार्य प्रशंसनीय भएको भन्दै आ-आफ्नो तर्फवाट सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

छलफलमा उनीहरुले साझा प्रतिवद्धता समेत जनाएका थिए । झापामा नागरिकस्तरवाट स्थापना गरी सञ्चालनको तयारी गरिएको कोरोना भाइरसको संक्रमण परीक्षण गर्ने पीसीआर प्रयोगशालाका लागि आवश्यक सहयोग गर्न हामी सञ्चालक तथा प्रतिनिधीहरु साझा प्रतिवद्धता व्यक्त गर्दछौं- साझा प्रतिवद्धतामा उल्लेख छ ।

छलफलमा एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले एकका लागि एक अभियानको अगुवाईमा हालसम्म एक करोड २२ लाख रुपैयाँ संकलन भएको बताए । उनले सवैको सहयोगमा मात्र झापामा पीसीआर प्रयोगशाला स्थापना गर्न सकिने भएकाले उक्त अभियानमा जोडिन निजी हस्पिटलका सञ्चालक तथा प्रतिनिधिलाई आग्रह गरेका थिए ।

एकका लागि एक अभियानका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी विर्तामोड उपशाखा सभापति सजेश शिवाकोटीले धन्यवाद ज्ञापन गरेको छलफलको सहजीकरण नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले गरेको ‘एकका लागि एक’ अभियानका सदस्य तथा वीरता जेसीजका अध्यक्ष मिजास पोखरेलले जानकारी दिए ।


**सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.,** बिर्तामोड-४, झापाको

**संस्था एकीकरण सम्बन्धी सूचना**

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ झापासँग श्री चेतनशील बचत तथा ऋण सहकारी संस्था लि., दमक-६ झापा र श्री अमृत बचत तथा ऋण सहकारी संस्था लि. माई नपा-२ इलामबीच संस्था एकीकरण गर्न तिनै संस्थाका सञ्चालक समितिबीचको आ-आफ्नो निर्णय बमोजिम मिति २०७७।०३।०८ गते तिनवटै संस्थाबीच एकीकरण सम्बन्धी पूर्व स्वीकृतिका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश सहकारी रजिष्टारको कार्यालय इटहरी मोरङमा निवेदन पेश गरे बमोजिम प्रदेश सरकारी ऐन २०७६ बमोजिम एकीकरण सम्बन्धी पूर्वस्वीकृति प्राप्त भएको हुँदा संस्थाका शेयर सदस्यज्यूहरुलाई यस सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र आफ्नो कुनै गुनासो सदस्यज्यूहरुलाई यस सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र आफ्नो कुनै गुनासो भएमा सम्बन्धित आ-आफ्नो संस्थामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सुवास भराई: सचिव — कमलबहादुर बस्नेत: अध्यक्ष



**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ (नेपाल)को

**सूचना** मिति: २०७७।०३।०४

अर्जुनधारा नगर कार्यपालिकाको बैठक नं. १७ को निर्णय नं. ०७ बमोजिम देहायका समयमा नगर क्षेत्रका मुख्य सडकहरुमा गुड्ने टिपर ट्याक्टर लगायत मालबाहक सवारी साधन बिहान ९ देखि १०, दिउँसो ३:३० देखि ४:३० तथा रातको समय ९ बजेदेखि बिहान ५ बजेसम्म गुड्न रोक लगाएको छ ।

अनपा कार्यपालिकाको बैठक नं. ५५ को निर्णय नं. १ अनुसार निषेधित नदीजन्य सामग्री उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनलाई तोकेबमोजिम जरिवानासहित प्रथमपटक पक्राउमा १ दिन नियन्त्रण, दोस्रोपटक पक्राउमा ७ दिन नियन्त्रण र तेस्रो पटक पक्राउमा भाद्र मसान्तसम्म सवारी साधन नियन्त्रण र सोमा भएको सामान जफत हुने सूचना सरोकारवालामा जानकारी गराइन्छ ।

अर्जुनधारा नगरपालिका



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।






**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।



**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# स्वागतयोग्य नागरिकता विधेयक

**नागरिकता संवेदनशील विषय हो । यो केवल प्रमाणपत्र होइन, यसका आधारमा एउटा व्यक्तिको पहिचान स्थापित हुन्छ । त्यही पहिचानयुक्त व्यक्ति नै राज्यको हरेक निकायमा उपस्थित हुन र सहभागिता जनाउन सक्छ । हामी कहाँ नागरिकताको प्रमाणपत्र वितरण गर्ने प्रचलन शुरु भएको यस्तै पाँच दशक भएको होला । अञ्चल कार्यालयबाट वितरण गरिने पद्धति जिल्लामा सरेपछि र यसलाई राज्यको विभिन्न औपचारिक तथा वैधानिक प्रयोजनमा अनिवार्य गरिएपछि यसको महत्व बढेको हो । तर, आज यसलाई राजनीतिक दाउपेच र स्वार्थसँग जोड्न थालिएको छ जसको कारण राष्ट्र, राष्ट्रियता, स्वाभिमान र राष्ट्रिय अस्तित्व गौण बन्दैछ ।**

**नागरिकता र यसको महत्व खस्किन नदिन नागरिकता ऐनलाई संशोधन गर्न विधेयक बनाइयो । संसदीय प्रक्रिया अनुसार राज्य व्यवस्था तथा सुशासन समितिले छलफल पछि पारित विधेयक संसदमा प्रस्तुत गरिन्छ । समितिमा यो विधेयक झण्डै दुई वर्षदेखि विचाराधीन अवस्थामा थियो । त्यही विधेयक समितिको बहुमतले पारित गरेको छ । यद्यपि यो कार्यान्वयनको चरणमा जान बाँकी छ तथापि सरकार र सत्तारुढ दलले मूलतः वैवाहिक अङ्गिकृत नागरिकता प्राप्त गर्ने समयसीमा निर्धारण गरेर असल र स्वागतयोग्य काम गरेको छ । समितिमा रहेका नेपाली कांग्रेस, राष्ट्रिय जनता पार्टी (राजपा), समाजवादी पार्टीका प्रतिनिधिहरुले सो शर्तको विरोध गर्दै फरक मत दर्ता गरेका छन् । अब बहुमतकै आधारमा लागू हुन सक्ने उक्त कानूनका आधारमा कुनै नेपाली पुरुषले विवाह गरेको भारत लगायत अन्य देशका महिलाले विवाहको सात वर्षपछि मात्र अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्नेछन् ।**

**नागरिकता व्यक्तिको पहिचानको विशिष्ट प्रमाण हो । त्यसैले विश्वका प्रजातान्त्रिक भनिएका देशहरुमा पनि नागरिकता प्राप्तिका आधारहरु बनाइएका छन्/हुन्छन् । समितिद्वारा पारित विधेयक संसदबाट पारित भए कानून बन्नेछ र वैवाहिक अङ्गिकृत नागरिकता प्राप्त गर्न विवाहपछि सात वर्ष कुनुपर्नेछ । यस विधेयकमाथि नेपाली कांग्रेसले असहमति जनाएको छ, यद्यपि कांग्रेसकै केही केन्द्रीय नेताहरुले भने यो राष्ट्रिय तथा मूल बासिन्दाको हितमा रहेको जनाएका छन् । यही समयसीमासहितको विधेयक संसदले पारित गरेमा दक्षिण तर्फको हाम्रो छिमेकी देश भारतले समेत विरोध गर्ने निश्चित छ । राष्ट्रको गौरव र अस्मितासँग जोडिएको विषय सार्वभौम संसदले स्वतन्त्र र दूरगामी दृष्टिले स्वार्थसँग जोडेर हेर्ने गरेकाले नागरिकता सस्तो बन्दै गएको थियो । भारत र नेपालका बीच भएका असमान सन्धि–सम्झौताहरु पनि उसकै हित र स्वार्थका आधारमा भएका हुन् । उसलाई असहज लाग्ने र स्वार्थसँग बाझिने अवस्थामा हस्तक्षेप गर्ने र हाम्रा नेतृत्वहरु निरीह बन्ने परिस्थितिले नेपालीको अस्तित्व जहिल्यै कमजोर हुँदै गएको छ ।**

**नागरिकता राष्ट्रको समेत पहिचान हो । त्यसैले यसलाई सस्तो बनाउनु हुँदैन । यसो भन्दै गर्दा मानव अधिकार कुण्ठित हुने अवस्था पनि आउनु हुँदैन । आज नागरिकता जीवन पद्धतिसँग पनि जोडिएकाले त्यसलाई सहज बनाउँदै राजनीतिक बाहेकका सबै अधिकारको प्रत्याभूति हुने कानून तयार गर्नुपर्छ । यहाँका मूलबासीहरु अल्पसंख्यक बन्ने, अवसर र सुविधाबाट वञ्चित हुने र हिजो आएकाहरुको हालीमुहाली हुने अवस्था देशभक्त नेपालीका लागि सह्य हुँदैन । त्यसैले नागरिक सम्बन्धी कानून निर्माण गर्दा कोही रिसाउला भन्ने डरले होइन राष्ट्र, राष्ट्रियता कमजोर हुन्छ कि भन्ने हिसाबले गरिनु पर्दछ । 'घर साङ्लालाई वन साङ्लाले नखाओस्' खासगरी कांग्रेस नेतृत्व गम्भीर हुनुपर्छ । विदेश र विदेशीको पक्षपोषण हुनेखालका गतिविधिले न पार्टी रहन्छ न त राष्ट्रिय गौरव नै सुरक्षित रहन सक्छ । सामाजिक सहिष्णुता हाम्रो विशिष्टता हो र नागरिकता पहिचान । अङ्गिकृत नागरिकताको बुइ चढेर सर्वोच्च पद धारण गर्ने स्वार्थले हाम्रो अस्तित्व, अस्मिता र स्वतन्त्रता कमजोर हुनुहुँदैन ।**

## सामाजिक सञ्जाल



चीनसँग नेपालले सिक्नुपर्ने प्रधान कुरा (कोरोना विशेष रणनीति) र संवादको बिषय लिपुलेक हो । कलम कापी लिएर नेकपाका कमरेडहरुले कोरोनाबारे केही सिकिदिए, नेपालीको हित हुनेछ । नेपालको नयाँ नक्सा लिएर सन् २०१५ को बेइजिङ सम्झौता गलत थियो भन्ने सम्झाइदिए, नेपालीको जीत हुनेछ ।

**– विश्वप्रकाश शर्मा**



आम मान्छेले, जीवनयापनको क्रममा सानातिना सम्झौता गरिहाले पनि, देशको नेतृत्वबाट सादगी, योग्यता र त्यागको अपेक्षा गर्छ । तर, जब उसले नेतृत्व अयोग्य, बिलासी र कृपावादी भएको देख्छ उसको विश्वास भत्किन्छ । नेतृत्व प्रति बिश्वास भत्केको कुनै देश संसारमा जन्मेको छैन, जसको बिकास होस् ।

**– विजयकुमार पाण्डे**

# स्थानीय बजेटका प्राथमिकताका विषय के हुन् ?

□ **वसन्त आचार्य**

संवैधानिक व्यवस्था अनुसार जेठ १५ गते संघीय सरकार, असार १ गते प्रदेश सरकार र असार १० गतेभित्र सबै स्थानीय तहको बजेट पेस गरिसक्नुपर्छ। बजेट प्रस्तुत गरिनुपूर्व सरकारले नीति तथा कार्यक्रमहरू व्यवस्थापिकामा पेस गर्दछन्। आर्थिक वर्ष २०७७/०७८ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम संघीय संसद्बाट पारित भइसकेको छ रु। सातवटै प्रदेश सरकारले प्रदेश सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन्। सो अनुरूप कतिपय प्रदेशले बजेट पनि प्रस्तुत गरेका छन्।

नीति तथा कार्यक्रमलाई सरकारको सोच वा दृष्टिकोणका रूपमा बुझिन्छ भने बजेटलाई नीतिको दर्पण वा नीति लागू गर्ने व्यवस्थागत प्रवन्धका रूपमा चिनिन्छ। त्यसैले बजेट बनाउनुपूर्व नीति तर्जुमा गरिन्छ र व्यवस्थापिकामा पेस गरी स्वीकृत गरिन्छ। नेपाल सरकार तथा प्रदेश सरकारको झैँ स्थानीय सरकार (गाउँपालिका र नगरपालिका)को भने वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने विधिमा एकरूपता देखिँदैन।

काठमाडौँ महानगरपालिकाले २०७४ सालबाटै नगरसभामा हप्ता/दश दिनअघि नीति तथा कार्यक्रम पेस गर्ने र सो पारित भएको नीति कै आधारमा बजेट निर्माण गरी असार १० गतेभित्र नगरसभामा प्रस्तुत गर्ने गरेको देखिन्छ। यो अभ्यास अधिकांश नगरपालिका तथा गाउँपालिकाले अवलम्बन गरेको देखिँदैन। एकैदिनमा नीति कार्यक्रम तथा बजेट एउटै दस्तावेजका रूपमा गाउँसभा/नगरसभामा पेस गर्ने गरेको देखिन्छ। केही स्थानीय तहले अपवादका रूपमा विविध कारणवश निर्धारित समय अर्थात् असार मसान्तभित्र बजेट पेस गरी पारित गर्न नसकेको उदाहरण पनि भेटिन्छ। कार्यपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गरी सभामा पेस गर्ने र सोमाथि सभाका सदस्यहरूबीच विस्तृत छलफल गरी प्राप्त सुझाव समेतलाई समेटेर स्वीकृत गरिनुपर्छ। सबै स्थानीय तहले यो अभ्यास गर्नु मनासिव देखिन्छ।

आ.व. २०७७/०७८ का लागि स्थानीय तहहरूले निर्माण गर्ने नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता विगतभन्दा फरक पर्ने निश्चित छ। आगामी बजेटले विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को संक्रमणको प्रभाव र असरलाई मध्यनजर गर्नुको विकल्प छैन। आफ्नो विशिष्ट पहिचान र मौलिक परिस्थितिलाई सम्बोधन गर्दै निम्न क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थानीय तहहरूले आगामी आवका लागि नीति, कार्यक्रम तथा बजेट निर्माण गर्न उपयुक्त देखिन्छ।

**कोभिड-१९ विशेष कार्यक्रम**

आ.व. २०७७/०७८ मा कोभिड-१९ ले प्रभाव पार्ने हरेक क्षेत्रहरूमा व्यवस्थापन गर्न के-के गर्नुपर्ला, सम्भावित जोखिम के-के हुन सक्छ भनी सबै क्षेत्रमा यसको प्रतिकूल असर न्यूनीकरण गर्न सक्नेगरी नीति, कार्यक्रम तय गरी बजेट विनियोजन गर्नु पहिलो प्राथमिकता अन्तर्गत पर्दछ। क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, औषधि उपचार लगायतका कार्यहरू कोभिड-१९ सम्बद्ध प्रत्यक्ष कार्यहरू हुन् भने यसले अन्य क्षेत्रमा पार्ने नकारात्मक असरहरू अप्रत्यक्ष देखिन्छन्। यी दुवै पक्षमा नीति, कार्यक्रम र बजेटले सम्बोधन गर्नुपर्नेछ।

**स्थानीय रोजगार केन्द्रित बजेट**

कोभिड-१९ को विश्वव्यापी संक्रमणले गर्दा अध्ययन, रोजगारी तथा अस्थायी रूपमा बसाइँ सरी अन्यत्र गएका ठूलो संख्याका स्थानीय घर फर्कँदै छन्। उनीहरूको ज्ञान, सीप, अनुभव र रुची बुझेर सोही बमोजिम रोजगार बनाउन हरेक स्थानीय तहले प्रयत्न गर्नुपर्ने हुन्छ। यसका लागि उनीहरूको विस्तृत विवरण संकलन गरी तत्तत् वा वैकल्पिक क्षेत्र पहिचान गरी रोजगारीको सिर्जना गर्नुपर्छ। गाउँमा केही न केही ज्ञान, सीप र अनुभव लिएर फर्केका युवालाई गाउँमै टिकाउने, बिकाउने र उनीहरूबाट अरूलाई सिकाउने ठोस कार्यक्रम पालिकाहरूले बनाउनैपर्छ। तबमात्र स्थानीय परिवेश सौहार्द, उत्पादक र आयमूलक बन्न सक्दछ।




**जमिनको उपयोग**

कृषिप्रधान देशका रूपमा परिचित हाम्रो देशको कृषि व्यवसाय अपहेलित, निराशाजनक र अन्तिम विकल्पको पेसा बनेको छ। कृषि पेसामा आबद्ध जनशक्तिले गर्वानुभूति गर्न सकेका छैनन्। नेपालमा प्राकृतिक विपद् तथा बिचौलियाको चरम शोषणको निरन्तर सिकार बन्ने पहिलो क्षेत्र कृषि नै हो। कृषि कर्म गर्ने ठूलो जनशक्ति सुखी, खुसी र सन्तुष्ट बन्न सकेको देखिँदैन।

स्थानीय पालिका आफ्ना क्षेत्रभित्रका खास किसानहरूका लागि आशा र भरोसाको केन्द्र बनेर नीति तथा बजेट मार्फत प्रस्तुत हुन अनिवार्य भएको छ। बाँझो जमिनलाई कसरी उपयोगमा ल्याउन सकिन्छ भनेर योजना बनाउन आवश्यक छ। परम्परागत खेती प्रणालीलाई अध्ययन अनुसन्धानका आधारमा आधुनिक बीउविजन, खेती प्रणाली र आयमूलक बनाउन किसानलाई मद्दत गर्नुपर्छ। जीवन निर्वाहमुखी कृषि पेसाबाट कसरी आयमूलक कृषि पेसामा रूपान्तरण गर्न सकिन्छ भनी गहन विश्लेषण गरी त्यसतर्फ उन्मुख हुनेगरी बजेट कार्यक्रम तर्जुमा गर्न आवश्यक छ।

**शिक्षा, स्वास्थ्य र सहकारीमैत्री कार्यक्रम**

स्थानीय तहको जिम्मामा रहेको माध्यामिक तहसम्मको शिक्षा, आधारभूत जनस्वास्थ्य र स्थानीय उत्पादन केन्द्रित सहकारी अभियानलाई प्राथमिकता दिई आगामी आवको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु उपयुक्त हुन्छ। सामुदायिक विद्यालयको स्तरमा अपेक्षित सुधार हुन सकेको छैन भने व्यावसायिक तथा रोजगारमूलक शैक्षिक तथा प्राविधिक कार्यक्रम सञ्चालन हुन सकेको देखिँदैन। यी दुवै क्षेत्रमा गुणात्मक फड्को मार्न अपरिहार्य छ। आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय र पहुँचयोग्य बनाउन बजेटले ध्यान दिनुपर्ने हुन्छ। स्थानीय उत्पादनमा आधारित वस्तु तथा सेवा केन्द्रित घरेलु, साना तथा मझौला उद्योगको पहिचान गरी सहकारी मार्फत स्थानीय जनशक्तिलाई स्वपरिचालित हुन प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

**आत्मनिर्भर केन्द्रित कार्यक्रम :**

हरेक स्थानीय तहले सकेसम्म आफ्नो पालिकाबाट उत्पादन गरेको वस्तु तथा सेवाको निर्यात गरी समृद्ध पालिका बन्ने दूरदृष्टिसहितको नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्छ। निर्यात गर्न नसके पनि सकेसम्म आफ्नो पालिका कसरी आत्मनिर्भर बन्न सक्छ भन्ने कुरामा केन्द्रित भई आगामी आवको नीति कार्यक्रम र बजेट निर्माण गर्न सबै पालिकाको ध्यान केन्द्रित हुनुपर्नेछ। सामूहिक खेती, व्यावसायिक खेती, स्थानीय स्रोत-साधन र सीपमा आधारित उद्योग, स्थानीय रोजगारी सिर्जना, सहकार्य र साझेदारी, सहज खरिद बिक्रीको प्रबन्ध, वस्तु भण्डारण तथा वितरणको न्यायोचित प्रबन्धमार्फत हरेक स्थानीय तह आत्मनिर्भर बन्न सक्दछ। आत्मनिर्भर बन्ने सवालमा पालिकाहरूबीच स्वच्छ प्रतिस्पर्धा र प्रतियोगिता हुन आवश्यक देखिन्छ। *गोप*

# कोरोनासँगै डेंगुको जोखिम

**डा. शेरबहादुर पुन**

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्याङ्क अनुसार नेपालमा डेंगु देखिन शुरु भइसकेको छ। केही दिनयता काठमाडौँमा डेंगु फैलाउने एडिस जातको लामखुट्टे देखा पर्न थालेको छ। गत वर्ष काठमाडौँमा हजारौं मानिस डेंगु संक्रमित भएका थिए। अघिल्लो वर्ष बालाजुमा एक दर्जन जति डेंगु संक्रमित देखिएकोमा गत वर्ष सेप्टेम्बर महिनाको पहिलो हप्तामा अप्रत्यासित रुपमा यो भाइरसले ठूलो महामारीको रुप नै लिएको थियो। डेंगुले महामारीको रुप लिनुभन्दा झण्डै साढे दुई महिना अगाडि लामखुट्टेको लार्भा देखा परिसकेको थियो।




गत वर्ष शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल डेंगु संक्रमितको उपचारमा प्रत्यक्ष खटेको थियो। गत वर्षको लार्भा देखिने र डेंगु फैलिएको समय अवधिलाई आधार मान्ने हो भने अबको केही हप्तामा डेंगु देखिन सक्ने सम्भावना प्रबल छ। हाल कुनै पनि रोगको लक्षण देखिए पनि कोरोना भनी शंका गर्ने अवस्था सिर्जना भइरहेको अवस्थामा डेंगु देखिन शुरु भए समुदायमा थप भयको स्थिति सिर्जना हुने निश्चित छ। अझ अर्को शब्दमा भन्दा डर कोरोनाको, संक्रमण डेंगुको हुनेछ।

धेरै सरुवा रोगका लक्षण एकआपसमा धेरै हदसम्म मिल्दोजुल्दो हुन्छ। कोरोना केही हप्तादेखि उत्कर्षको बिन्दुतिर लम्किरहेको छ भने डेंगु हरेक वर्षमा झैँ देखापर्ने समय आइपुगेको छ, अर्थात् यी दुवै संक्रमण अबको केही हप्तामा सँगसँगै देखिन सक्नेछ।

कोरोनाको रिपोर्ट आउन ढिला हुने र डेंगुको विशेष प्रयोगशाला जाँच नहुने हुँदा दुबै संक्रमित बिरामीको पहिचान कन्ट्याक्ट (कोरोना) तथा ट्राभल (डेंगु) हिस्ट्रीको आधारमा गर्नुपर्ने बाध्यता हुनेछ, जसले गर्दा डेंगु संक्रमित बिरामीको निश्चित प्रयोगशाला निदानमा ढिलाइ हुँदा उपचारमा पनि ढिलाइ हुन सक्नेछ।

गत वर्ष इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले डेंगु आरडिटी किटको विश्वसनीयता माथि शंकार प्रश्न गरी प्रयोग नगर्न समेत स्वस्थाकर्मीलाई अनुरोध गरेको थियो। डेंगुको प्रयोगशाला परीक्षण गर्दा बिरामीको प्लेटेलेट तथा अरु रक्त कोषिकका संख्याको आधारमा पहिचान गर्न भनिएको थियो।

यो वर्षको डेंगु फैलने समय नजिकिँदै गर्दा फेरि बिरामीको रक्त कोषिकाको संख्याको आधारमा नै डेंगु पहिचान गर्ने हो वा आरडिटी टेस्ट किटको विकल्पमा कुनै परीक्षण प्रविधिको आजको मितिसम्म सार्वजनिक भइसकेको छैन। अझ यसबारेमा नसोचेको नै हुन पनि सक्छ। रगतमा देखिने रक्त कोषिकाको संख्या कोरोना र डेंगुमा उस्तै-उस्तै हुने देखिएको छ।

केही हप्ता अगाडि द ल्यानसेट इन्फेकसियस डिजिजेज जर्नलमा प्रकाशित लेखको विश्लेषण गर्दा कोरोना र डेंगु संक्रमणमा रक्त कोषिकाको संख्याको आधारमा छुट्याउन सहज नहुने देखिन्छ। सो आर्टिकलमा अनुसन्धानकर्ताहरुले बिरामीको रगतको जाँचमा प्लेटेलेटको संख्यामा कमी देखिएको र अर्को एक बिरामीमा प्लेटेलेट संख्यामा कमी देखिनुका साथै लिभर फंक्सन टेस्ट बढेको पाएका थिए।

यी दुवै जाँचको नतिजा डेंगुसँग मिल्दोजुल्दो भए तापनि अन्त्यमा उनीहरुको पिसीआर विधिबाट परीक्षण गर्दा कोरोना संक्रमित भएको पुष्टि भएको थियो। अर्थात्, बिरामीको रक्त कोषिकाको संख्यामा देखिने नतिजाको आधारमा मात्र कोरोना वा डेंगु भनेर छुट्याउन सकिने छैन। यसले स्वस्थाकर्मीमा पनि अन्योल थपिदिने छ, जसले गर्दा डेंगु बिरामीको उपचारमा ढिलाइ हुन गई स्वास्थ्यमा जटिलता देखिन सक्नेछ।

त्यति मात्र होइन, ज्वरो, श्वास फेर्न अफ्ठेरो, खोकी देखिएमा हालको कोरोना टेष्ट गाइडलाइन्स अनुसार कोरोनाको पिसीआर परीक्षण गर्दै जानुपर्ने हुन्छ अर्थात् आगामी दिनहरुमा डेंगुको संख्या बढ्दै जाँदा कोरोना पहिचानको लागि पिसीआरको टेष्ट बढाउँदै जानुपर्नेर बढ्दै जाने निश्चित प्रायः छ। किनभने डेंगुमा पनि यी लक्षणहरु देखिन सक्ने छन्।

कोरोना महामारी चल्दै गर्दा डेंगु पनि देखिन थालेमा डेंगु संक्रमितलाई सुरुमा सबैले कोरोनाको नै शंका गर्ने, त्रास सिर्जना हुने र हेयको दृष्टिले हेर्ने छन्। गत वर्ष डेंगु पत्ता लगाउने आरडिटी किटको विश्वनीयता नभएको भन्दै इडिसिडीले प्रयोग नगर्न भनेको अवस्थामा यसको लागि वैकल्पिक र भरपर्दो डेंगु टेष्ट किटको पहिचान तथा सिफारिस गरी छिटोभन्दा छिटो सर्वसुलभ गराउन जरुरी हुन्छ। होइन भने कोरोना र डेंगु सँगसँगै देखिन थाले डबल ट्रबलको अवस्था सिर्जना नहोला भन्न सकिँदैन।

*(डा. पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्।)*

## पीसीआर ल्यावका लागि पुनर्निर्माण नेपालको दुई लाख

**बिर्तामोड, असार ९।** अमेरिकामा रहेको पुनर्निर्माण नेपाल नामक संस्थाले सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा स्थापना गर्न लागिएको पीसीआर ल्यावका लागि दुई लाख रुपैयाँ आर्थिक सहयोगको घोषणा गरेको छ ।

मुलुकमै पहिलो पटक कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा उपचारका लागि एकका लागि एक अभियानले झापामा नागरिकस्तरवाट स्थापना गर्न लागिएको पीसीआर ल्यावका लागि निर्वाह गरिरहेको भूमिकाको प्रशंसा गर्दै उक्त रकम प्रदान गर्ने घोषणा गरेको पुनर्निर्माण नेपालका सचिव अशोक ओलीले बताए ।

झापामा कोरोना संक्रमितको संख्या बढिरहेकोले कोरोना संक्रमितको उपचारका लागि पीसीआर ल्यावको आवश्यकता महशुस गरी एकका लागि एक अभियानले नागरिकस्तरवाट झापामा पीसीआर ल्याव स्थापना गर्न लागेकाले उक्त कार्यका लागि पुनर्निर्माण नेपालले हाललाई दुई लाख रुपैयाँ आर्थिक सहयोग गर्ने सचिव ओलीले बताए । उक्त रकम भद्रपुर-७ स्थित रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओली मार्फत 'एकका लागि एक' अभियानलाई हस्तान्तरण गरिने रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठानका सचिव यज्ञराज (गोपाल)ओलीले जानकारी दिए ।

प्रदेश १ मा जनस्वास्थ्य परिक्षण प्रयोगशाला विराटनगर, विराटनगरको कोसी अस्पताल, धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोरोना भाइरसको पीसीआर परीक्षणका भइरहे पनि रिपोर्ट आउन एक साताभन्दा बढी समय पर्खनुपर्ने बाध्यता भएकाले 'एकका लागि एक' अभियानको अगुवाईमा झापाको कनकाई नगरपालिकाको कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा पीसीआर ल्याव सञ्चालनमा ल्याउन लागेको 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए ।

## तमोरले बगाएर तीन बेपत्ता

**विराटनगर, असार ९।** ताप्लेजुङ र तेह्रथुम जिल्लाका दुई स्थानमा तमोर नदिले बगाएर तीन जना बेपत्ता भएका छन् ।

घरबाट टिपटालातर्फ जाँदै गरेका ताप्लेजुङ फक्ताङलुङ गाउँपालिका-६ का ५७ बर्षीय कालुमान तक्मादेन लिम्बूलाई स्थानीय सिजनेमा खोलाले बगाएर नजिकै रहेको तमोर नदीमा पुऱ्याई बेपत्ता भएको तथा बेपत्ता भएका लिम्बूको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

त्यस्तै साथीहरुसंगै तमोर नदीमा पौडी खेल्न गएका तेह्रथुम आठराई गाउँपालिका-५ होडाका १५ बर्षीय सन्तोष तामाङ र १८ बर्षीय रन्जित शेर्पालाई पनि तमोर नदिले बगाउँदा बेपत्ता भएका छन् । पौडी खेल्न गएका उनीहरुलाई अचानक नदीले बगाएको प्रहरीले जनाएको छ । तीनै जनाको खोजतलास भइरहेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# पर्यटकीय क्षेत्र कब्जा गर्न भारतद्वारा सीमा अतिक्रमण

**पाँचथर, असार ९।** पाँचथरको फालेलुङ गाउँपालिका-६ आहालमा पर्ने पर्यटकीय क्षेत्र कब्जा गर्न भारतले सीमा अतिक्रमण गर्न खोजेको सरकारी अध्ययन टोलीले निष्कर्ष निकालेको छ । नेपाल-भारत सीमा क्षेत्र नजिकै रहेको उक्त स्थान पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेकाले उक्त स्थानलाई आफ्नोतर्फ पारेर लाभ लिने मनसायले भारतीय पक्षले कब्जाको प्रयास गरेको टोलीको निष्कर्ष छ ।



उक्त स्थानलाई आफ्नोतर्फ पार्न भारतले नेपाली भू-भागमा भौतिक संरचना निर्माण अवरोध गर्नुका साथै स्थानीयबासीलाई मानसिक तनाव दिएको अध्ययन टोलीको प्रतिवेदनमा उल्लेख छ । उक्त स्थानबाट पूर्वतर्फ भारतमा संरक्षित क्षेत्रका रूपमा सिंहलीला राष्ट्रिय निकुञ्ज रहेको र उक्त स्थानमा भौतिक संरचना निर्माण गर्न नसकिने भएपछि भारतीय पक्षले नेपाली भू-भाग कब्जा गर्न खोजेको प्रतिवेदनमा उल्लेख गरेको छ । गत वैशाख अन्तिम साता उक्त स्थानमा संग्रहालय निर्माणमा भारतीय पक्षले अवरोध गरेको थियो । भारतीय वन कर्मचारीको स्वार्थ अनुसार उक्त क्षेत्रलाई भारततर्फ पार्न भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपालमा अनावश्यक दबाब दिने गरेको अध्ययन टोलीले प्रतिवेदनमा उल्लेख छ ।

**के भएको थियो ?**

नेपाल-भारत सीमा नजिकै पाँचथरको फालेलुङ-६ तथा इलामको सन्दकपुर गाउँपालिका-२ को सिमानामा पर्ने आहाल क्षेत्रमा पर्यटकीय संग्रहालय निर्माणका लागि स्थानीय 'सन्दकपुर आहाल चौंरीपालक कबुलियती वन समूह'ले योजना प्राप्त गरेको थियो । संग्रहालय निर्माणका लागि डिभिजन वन कार्यालय पाँचथरबाट रु. १० लाख बजेट रहेको वार्षिक कार्यक्रम स्वीकृत भई कार्यान्वयन शुरु भएको थियो । गत वैशाख २४ गतेबाट संग्रहालयको भवन निर्माणका लागि जग खन्ने काम शुरु भएको थियो । तर, वैशाख २७ गते भारतीय सीमा सुरक्षा बलको टोलीले उक्त निर्माणस्थल नेपाल-भारत सीमाको दशगजा क्षेत्रमा पर्ने झुटो दाबी तथा नक्कली नक्सा समेत तयार पारी निर्माण कार्य रोक्न दबाब दिएको थियो । निर्माण कार्य नरोके बल प्रयोग गर्ने भन्दै एसएसबीले धम्की दिएपछि निर्माण कार्य रोकिएको थियो ।

भारतीय पक्षको अवरोधपछि फालेलुङ गाउँपालिकाका अध्यक्ष सञ्चकुमार केरुङसहित जनप्रतिनिधि तथा सुरक्षाकर्मीको टोलीले उक्त स्थानको स्थलगत अवलोकन गरी भारतीय पक्षसँग संवाद समेत गरेको थियो । भारतीय पक्षले उक्त भूभाग दशगजा क्षेत्रमा पर्ने झुटो दाबी नछाडेपछि गाउँपालिकाले वैशाख ३१ गते जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी समस्या समाधानका लागि आवश्यक पहल गर्न आग्रह गरेको थियो ।

जिल्ला सुरक्षा समितिको जेठ २ बसेको बैठकले उक्त स्थानको वास्तविक अवस्था बुझी प्रतिवेदन पेश गर्न सहायक प्रमुख जिल्ला अधिकारी नारायण न्यौपानेको संयोजकत्वमा अध्ययन टोली गठन गरेको थियो । टोलीमा नापी अधिकृत जयराम तामाङ, सहायक वन अधिकृत राजकुमार खत्री, प्रहरी निरीक्षक डम्बर विश्वकर्मा, सशस्त्र प्रहरी निरीक्षक एनीकुमार तामाङ र मालपोत कार्यालयका प्रमुख बाबुराम पोखरेल सदस्य थिए । टोलीले स्थलगत निरीक्षण, स्थानीयबासी र भारतीय पक्षसँग संवाद गरी प्रतिवेदन तयार पारेको हो ।

**नेपाली भूमि कब्जा गर्ने प्रयास**

महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्नसक्ने आहाल क्षेत्रलाई कब्जा गर्न भारतीय पक्षले अनाधिकृतरूपमा एकलौटी सीमास्तम्भ राखेर नेपाली भूमि कब्जा गर्ने मनसायसहित झुटो दाबी पेश गरेको उक्त समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ । पिङ्की शेर्पा, नरबहादुर खपाङ्गी लगायत स्थानीयबासीले अध्ययन टोलीलाई दिएको जानकारी अनुसार दुई वर्षअघि भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले ५८/९ नम्बरको सीमास्तम्भको उत्तरपश्चिम डाँडामा नेपाली भू-भागभित्र अनाधिकृतरूपमा नयाँ सीमास्तम्भ राखेको थियो ।

उक्त अनाधिकृत स्तम्भ राखेपछि एसएसबीले पिङ्की शेर्पा बसेको घरजग्गा समेत रहेको क्षेत्र र आहाल क्षेत्र भारतमा पर्ने भनेर झुटो दाबी गर्न थालेको थियो । यही दाबीका आधारमा नेपाल तर्फको भू-भाग कब्जा गर्न खोजिएको स्थानीयवासीको भनाइ छ । स्थानीयबासीका अनुसार यहाँबाट सूर्योदय र सूर्यास्त एकदमै राम्रोसँग देखिने, कञ्चनजङ्गा र सगरमाथा हिमालसहित विभिन्न हिमशृङ्खला देखिने भएकाले धेरै पर्यटक आउने गर्दछन् । यहाँ सीमापूर्व भारततर्फ सिंहलीला राष्ट्रिय निकुञ्ज रहेको र त्यहाँ भारत सरकारले कुनै पनि निर्माणकार्य गर्न प्रतिबन्ध लगाएको छ ।

अध्ययन टोलीलाई स्थानीयबासी पिङ्की शेर्पाल भनेकी छिन्- 'यहाँ आउने सबै पर्यटक नेपालमा रहेका घरवासमा बस्छन् । यसले नेपाल पक्षलाई ठूलो आर्थिक लाभ भइरहेको छ । भारतले कुनै लाभ लिन नसकेपछि भारतीय वन कर्मचारीको उक्साहटमा एसएसबीले नेपाली भूमि अतिक्रमण गर्न खोजेको हामीलाई लागेको छ ।' शेर्पासहित अन्य दुई परिवारको घर रहेको क्षेत्रसहित आहाल क्षेत्रलाई भारततर्फ पार्न भारतीय पक्षले 'तपाईंको घरजग्गा भारतमा परेको छ । तर, तपाईंहरुले चिन्ता लिनु पर्दैन । हामी राशनकार्ड र आधार कार्ड बनाइदिन्छौं' भन्ने आश्वासन समेत दिएको शेर्पाले बताइन् ।

उक्त तीन परिवारले आफूहरु विगत सय वर्षभन्दा अघिबाट यहाँ बसोबास गर्दै आएको र आफूहरु भारतको कुनै पनि स्वार्थको पछि नलाग्ने बताएका छन् । आहाल क्षेत्रमा गत वर्ष मेची पहाडी पर्यटन विकास समितिको बजेटबाट दृश्यावलोकन स्तम्भ निर्माण गरिएपछि भारतीय पक्षले अवरोध गर्न थालेको सन्दकपुर आहाल चौंरीपालक कबुलियती वन समूहका अध्यक्ष नरबहादुर खपाङ्गीको भनाइ छ । सीमाक्षेत्रसहितको वन स्थानीय कबुलियती वन समूहलाई हस्तान्तरण गरिँदा स्थानीयबासीको निरन्तर क्रियाशीलता भई अप्रत्यक्षरूपमा सीमा सुरक्षामा बल पुगेको स्थानीयबासीको भनाइ छ । 'नेपालीहरु पूर्वाधार विकास गर्दै सीमाको रेखदेख र संरक्षण तथा पर्यटन विकासमा लागेको भारतीय पक्षले देख्न नसकेर सीमाको समस्या सिर्जना गरेको हो' -खपाङ्गीले भने ।

अध्ययन टोलीले पर्यटकीय क्षेत्र भएकै कारण भारतीय पक्षले नेपाली भू-भाग कब्जा गर्न खोजेको, अनाधृकित सीमास्तम्भ राखेर 'डब्लू' आकारको सीमारेखाको व्याख्या गरी विवाद सिर्जना गरेको, स्थानीयबासी नेपालीलाई अनुचित मनोवैज्ञानिक दबाब दिई त्रास उत्पन्न गराएको, नेपालको नक्सा र गुगल नक्सामा उक्त क्षेत्र नेपालमै देखिएको, नेपालभित्रै भौतिक संरचना निर्माण गर्दा भारतीय पक्षले अवरोध गरी दादागिरी गरेको र वन क्षेत्र स्थानीय समूहलाई दिँदा सीमा सुरक्षामा नेपाली स्वयम् सक्रिय भई लागेको निष्कर्षसहितको प्रतिवेदन सुरक्षा समितिलाई बुझाएको थियो ।

समिति मार्फत प्रतिवेदन गृह मन्त्रालयमा समेत पुगिसकेको छ । अध्ययन टोलीले दुवै देशको उच्चस्तरीय नापी समितिबाट चाँडो विवाद निरुपण गर्नुपर्ने, पर्यटनमा आधारित आर्थिक स्वार्थ देखिएको हुँदा दीर्घकालीन समाधान निकाल्नुपर्ने, सीमा सुरक्षाको प्रबन्ध गर्नुपर्ने, सीमा क्षेत्रका स्थानीयबासीलाई सक्रिय गराई अप्रत्यक्षरूपमा सीमा संरक्षण एवं अतिक्रमण रोक्नुपर्ने, नेपालतर्फ पर्यटकीय पूर्वाधार विकासलाई तीव्र पारी आर्थिक लाभ लिनुपर्ने सुझाव समेत दिएको थियो ।

टोलीका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेका अनुसार उक्त प्रतिवेदनमाथि गृह मन्त्रालयले कारवाही प्रक्रिया समेत थालेको छ । गृहमन्त्रीस्तरको निर्णयबाट विभागीय मन्त्रालयहरुलाई नापीको उच्चस्तरको टोली पठाउन, पर्यटकीय तथा भौतिक पूर्वाधार निर्माणको काम नरोक्न पत्र लेखिएको जानकारी आएको न्यौपानेले जानकारी दिए । त्यस्तै गृह मन्त्रालयले चाँडै सशस्त्र प्रहरी बलको सीमा अनुगमन चौकी (बीओपी) स्थापना गर्ने तयारी समेत थालेको छ । यी सबै कार्यको समन्वय गर्न जिल्ला प्रशासन कार्यालय पाँचथरलाई निर्देशन दिइएको छ । सहायक प्रजिअ न्यौपानेका अनुसार नापीको उच्चस्तरीय टोली सम्भवतः यसै साता जिल्ला आइपुग्नेछ ।

## अर्याल बने सर्वोत्कृष्ट प्रहरी



प्रहरी जवान : कमल अर्याल

**बिराटनगर, असार ९।** इलाका प्रहरी कार्यालय सुरुङ्गा झापामा कार्यरत प्रहरी जवान कमल अर्याल ज्येष्ठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङ्कन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोबल र साहसका साथ अवैध लागूऔषध (ब्राउन सुगर) कारोबारमा संलग्न व्यक्ति, अबैध काठ चोरी निकासीमा संलग्न व्यक्तिहरु तथा अवैध रुपमा लुकाई-छिपाई राखेको हातहतियारका गोली तथा अन्य घरायसी हात हतियारसहित अवैध गतिविधिमा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भई आम सर्वसाधारण नागरिकहरुलाई सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउनुको साथै सर्वसाधारणहरुमा सुरक्षाको प्रत्याभुति गर्ने तर्फ प्रशंसनीय कार्य गरेकोले इलाका प्रहरी कार्यालय सुरुङ्गा झापामा कार्यरत प्रहरी जवान कमल अर्याललाई निजले गरेको उत्कृष्ट कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै २०७७ साल ज्येष्ठ 'महिनाको सर्वोत्कृष्ट प्रहरी' घोषणा गरिएको हो ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको विवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिनासम्म राखिँदै आएको बताइएको छ

## घर निर्माण गर्न रकम

**खोटाङ, असार ९।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका आठ घर गरीब परिवारलाई जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माणका लागि एकमुष्ट रु. तीन लाख पाँच हजारका दरले रकम प्रदान गरिएको छ ।

प्रदेश सरकारद्वारा सञ्चालित जनता आवास परियोजना अन्तर्गत नगरपालिकाका १४ घर गरीब परिवार छनौट गरिएकामा घर निर्माण सम्पन्न गरेका आठ घरपरिवारलाई रकम प्रदान गरिएको हो ।

प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गा फिल्ड युनिट खोटाङले आयोजना गरेको कार्यक्रममा नगर प्रमुख दीपनारायण रिजालले रकमको चेक हस्तान्तरण गरे । गरीब घरपरिवारलाई रकम हस्तान्तरण कार्यक्रममा नगरस्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, कार्यालय प्रमुख, पत्रकार लगायतको उपस्थिति थियो ।

गरिबीका कारण ओत लाग्ने घर निर्माण गर्न नसकेर छाप्रोमा बस्दै आएका नगरबासी प्रदेश सरकारले उपलब्ध गराएको रकमबाट नयाँ घर निर्माण गर्न पाएपछि हर्षित भएका छन् । 'घर निर्माण गर्ने पैसा अभावले हामी झुप्रोमा जीवन बिताइरहेका थियौँ' रकम बुझेपछि वडा नम्बर-७ दोर्पाकी कविता राईले भनिन्- 'संघीयता कार्यान्वयन भएपछि गरिबलाई पनि सरकारले हेर्दोरहेछ भन्ने अनुभूति भएको छ ।'

दश स्थानीय तह रहेको जिल्लामा उक्त कार्यक्रम अन्तर्गत यस वर्ष एक सय घर निर्माण गरिएको फिल्ड युनिट खोटाङका कार्यालय प्रमुख प्रमोद मण्डलले बताए । कार्यालय प्रमुख मण्डलका अनुसार जिल्लामा सबै घर निर्माण सम्पन्न भइसकेकाले केही दिनभित्रै रकम प्रदान गरिने जनाइएको छ ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)


## स्नेह फैलाउने अभियान शुभारम्भ

**झापा, असार ९।** राजधानीस्थित संयुक्त राष्ट्रसंघका विभिन्न निकाय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थासहित ३० भन्दा बढी संघ-संस्थाले कोभिड-१९ को सन्दर्भमा फैलिरहेको भेदभाव र दोषारोपण अन्त्यको आह्वान गर्दै स्नेह फैलाउने अभियान शुरु गरेका छन् ।

नेपालमा पहिलो व्यक्तिमा कोभिड-१९ देखिएको पाँच महिना भएको तथा त्यस बेलादेखि यसबाट मुक्ति पाएका व्यक्ति र तीनका परिवार, वैदेशिक रोजगारीबाट फर्केका, स्वास्थ्यकर्मी, महामारीको जोखिममा रहेका सर्वसाधारण, फरक पृष्ठभूमि, जाति र क्षमता भएका व्यक्तिहरूविरुद्ध बढिरहेको भेदभावका समाचार सार्वजनिक भइरहेको सन्दर्भमा स्नेह फैलाउने अभियान थालिएको हो ।

'कोरोना भाइरसबाट मात्र होइन अहिले हामीले आफूलाई त्रास, अफवाह र दोषारोपणबाट पनि एकर्कालाई जोगाउनुपर्छ । यति बेला हाम्रो सबैभन्दा ठूलो शक्ति नै सत्य तथ्य र एकता हो, यो कठिन घडीमा हामी सबै एकैसाथ छौं' राष्ट्रसङ्घीय सूचना केन्द्रले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

स्नेह फैलाऔं अभियानले सबैजनालाई कोभिड-१९ बाट प्रभावित व्यक्तिहरूको समर्थनमा माया, सद्भाव र आशाका सन्देश फैलाउन आह्वान गरेको छ भने भाइरसबाट जोगाउन अग्रपङ्तिमा रहेर अहोरात्र काम गरिरहेका स्वास्थ्यकर्मीहरूमा कृतज्ञता व्यक्त गरेको छ ।


**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोडः ०२३-५४६६८३/ ९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२



**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । इर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ । आकस्मिक खर्च बढ्नेछ । तर, आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।